फोन: ०६१५०६४०४

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
### गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

प.सं २०८०/०८१
च.नं. १४८१

मिति: २०८०/११/१५

श्री सम्पूर्ण सहकारी संस्था,
मादी गाउँपालिका, कास्की ।

**बिषयः- कागजात पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सहकारी संस्थाहरुले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र लेखापरीक्षण गरिसक्ने र ६ महिनाभित्र साधारण सभा गरिसक्नुपर्ने कानूनी व्यवस्था भएको सर्वविदितै छ ।यस गाउँपालिका वा अन्तर्गतका वडाहरु कार्यक्षेत्र भई सञ्चालित केही सहकारी संस्थाहरुले उक्त कार्य गरे/नगरेको सम्बन्धमा जानकारीमा नआएको हुदाँ यस मादी गाउँपालिकाको नियमन क्षेत्रभित्र पर्ने सम्पुर्ण सहकारी संस्थाहरुले तपसिलका कागजात सहितको विवरण मिति २०८०/११/२० गतेभित्र मादी गाउँपालिकाको सहकारी शाखामा अनिवार्य पेश गर्नुहुन जानकारीका लागि अनुरोध छ ।

तपसिल:

१. आर्थिक बर्ष २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन
२. साधारण सभाको माईन्युटको प्रतिलिपी
३. संचालक समितिको तीन पुस्ते विवरण खुल्ने कागजात
४. संचालक समितिका पदाधिकारी र कर्मचारीको सम्पति विवरण र कर्मचारी (व्यवस्थापक) को शैक्षिक योग्यताको विवरण ।

११/१५
कमल प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

नोट:

- साधारण सभामा ५१ प्रतिशत सदस्यको अनिवार्य उपस्थित भएको हुनुपर्नेछ ।
- बार्षिक बजेट/कार्यक्रम र लेखापरीक्षण प्रतिवेदन स्वीकृत भएको हुनुपर्नेछ ।
- आगामी आर्थिक वर्षको लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गरेको हुनुपर्नेछ ।